# पि.पि.आर. रोग सम्वन्धि सूचना

## पि.पि.आर. रोग

- पि.पि.आर. बिषाणुवाट भेडा वाख्रामा लाग्ने महामारी रोग हो । नेपालमा वर्षेनि धेरै स्थानमा भेडावाख्रामा यो रोग देखा परि ठूलो आर्थिक क्षति हुने गरेको छ ।

## पि.पि.आर. रोग सर्ने तरिका

- रोगी भेडा वाख्राको प्रत्यक्ष सम्पर्कमा आएका भेडा वाख्रा तथा विषाणुको लसपस भएको आहार, पानी, घांसपात, सोत्तर आदिको माध्यमवाट पि.पि.आर. रोग सर्दछ ।

## पि.पि.आर. रोग लाग्दा देखिने लक्षणहरु

- आंखामा कचेरा लाग्ने र बाक्लो सिंगान बग्ने ।







- ज्वरो आउने, झोक्राउने, थुतुनो सुख्खा हुने, घांसपात नखाने र उग्राउन छोड्ने ।
- गिजा र मुख भित्र घाउहरु देखिने र छेरौटी लाग्ने ।



- एकै पटक वथानमा धेरै भेडा वाख्रा विरामी हुने/मर्ने ।
- सास फेर्न गाह्रो (निमोनिया) हुने/पेटको बलले सास फेर्ने ।

## पि.पि.आर. रोगवाट बचाउन अपनाउन पर्ने कार्यहरु

- अन्यत्रवाट ल्याईएका भेडा वाख्रा तथा रोगको शंका भएका भेडा बाख्रालाई कम्तीमा पनि दश दिनसम्म घरगोठमा रहेका पशुवस्तुसंग नमिसाई अलगै राख्ने । त्यस अवधिमा कुनै रोगको लक्ष्ण नदेखिएमा मात्र वथानमा मिसाउने ।
- रोगी पशुहरुलाई एक ठाउंवाट अर्को ठाउंमा स्थानान्तरण वा ओसार पसार नगर्ने ।
- चरिचरनमा विभिन्न स्थानका भेडा वाख्रा एकै स्थानमा मिसिने हुंदा आफूले पालेका भेडा वाख्रालाई जिल्ला पशु सेवा कार्यालय मार्फत नियमित रुपमा पि.पि.आर. रोग विरुद्ध खोप लगाउने ।
- मरेका भेडा बाख्रालाई गहिरो खाल्डो खनि चुना हालि गाडिदिने ।
- रोग देखा परेमा तुरुन्त नजिकको पशु सेवाका निकायहरुमा जानकारी गराउने ।


नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
पशु सेवा विभाग
पशु स्वास्थ्य निर्देशनालय
त्रिपुरेश्वर, काठमाडौं, फोन : ०१-४२६१५६९, ४२६११६५, फ्याक्स : ०१-४२६१५२१, इमेल : ahdt@wlink.com.np, ahd@healthnet.org.np